# चन्द्रागिरि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१      फोन नं. ०१-४३१५७६६

च.नं. ३०६      मिति २०७९/०२/२६

**विषय:- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धी सूचना ।**

श्री सबै (सामुदायिक तथा संस्थागत) विद्यालयहरु
चन्द्रागिरि नगरपालिका, काठमाडौं ।

प्रस्तुत विषयमा नगरपालिका स्तरीय राष्ट्रपति रनिंङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति चन्द्रागिरिको मिति २०७९।०२।२४ को निर्णयानुसार यस नगरपालिका अन्तर्गत सञ्चालित सबै (सामुदायिक तथा संस्थागत) विद्यालयमा खेलाडीको नाम दर्ता मितिसम्म १८ वर्ष मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरु बीच आ-आफ्नो समूहमा हुने एथ्लेटिक्स, भलिबल, कराँते, तेक्वान्दो, उसु र कबड्डी खेल विधामा मिति २०७९।०३।०२ देखि राष्टपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना गरिने भएकोले ईच्छुक विद्यालयहरुले कुन कुन खेल विधामा भाग लिनका लागि सहभागी गराउने हो, सोही बमोजिम मिति २०७९।०२।३० गते विहान ११ वजेदेखि बेलुकी ५:३० वजेसम्म चन्द्रागिरि नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा देहाय बमोजिमको कागजात सहित खेलाडीहरुको नाम दर्ता गराउनु हुन सम्बन्धित विद्यालयहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**खेलाडी दर्ताका लागि आवश्यक कागजातहरु :**

क) सम्बन्धित विद्यार्थीको जन्म दर्ता प्रमाणपत्र वा नागरिकता प्रमाणपत्र को प्रतिलिपी ।

ख) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका,२०७० (संशोधन समेत) को अनुसूची-१ बमोजिमको प्रतियोगितामा सहभागी हुन बुझाउनु पर्ने फाराम भराई सम्बन्धित प्र.अ.तथा प्रिन्सिपलबाट प्रमाणित गरेको हुनुपर्ने ।

ग) सम्बन्धित विद्यालयको खेलाडी दर्ताका लागि सिफारिश पत्र ।

**पुनश्च:** माथि उल्लेखित प्रत्येक खेल इभेन्टमा छात्र छात्राको लागि अलग अलग प्रतिस्पर्धा हुनेछ । एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा छात्र तथा छात्रा रिलेको प्रत्येक इभेन्टमा १/१ समूह मात्र र अन्य प्रत्येक इभेन्ट्समा बढीमा २ खेलाडीलाई सहभागी गराउन सकिनेछ । प्रत्येक खेलाडीले बढीमा १ फिल्ड २ ट्रयाक वा दुई फिल्ड एक ट्रयाकमा भाग लिन पाउनेछ । भलिबल र कबड्डी खेलतर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरु पठाउन सकिनेछ । दर्ता फारामको ढाँचा र सहभागी गराउँदा पालना गर्नुपर्ने नियम तथा प्रतियोगितामा समावेश गरिने खेलहरुको विवरण यसै पत्रसाथ संलग्न गरिएको छ । थप जानकारीका लागि **moys.gov.np login** गरी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका, २०७० (संशोधन समेत) हेर्न सक्नुहुनेछ । साथै विस्तृत जानकारीका लागि शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सक्नुहुनेछ ।

कर्ण बहादुर भुवाजी
अधिकृत दशौं